# भंगहा नगरपालिका

स्थानीय राजपत्र

खण्ड : १०　　संख्या : १　　मितिः २०८३/०३/०५

भाग-२

# विपन्नता पहिचान कार्यविधि, २०८३

# विपन्नता पहिचान कार्यविधि, २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति :२०८३।०३।०५

**प्रस्तावनाः**

भंगहा नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने आर्थिक रूपले असहाय, गरिब तथा कडा रोग लागेका विपन्न नागरिकहरूको वस्तुनिष्ठ पहिचान गरी राज्य तथा स्थानीय तहबाट उपलब्ध गराइने स्वास्थ्य उपचार सहुलियत, छात्रवृत्ति तथा अन्य कल्याणकारी सेवा सहज र पारदर्शी रूपमा उपलब्ध गराउनका लागि सिफारिस तथा प्रमाणीकरण प्रक्रियालाई व्यवस्थित बनाउन बाञ्छनीय भएकोले;

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही भंगहा नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद-१: प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम **"विपन्न नागरिक प्रमाणित तथा प्रमाणीकरण कार्यविधि, २०८३"** रहनेछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"नगरपालिका"** भन्नाले भंगहा नगरपालिका सम्झनु पर्छ।

(ख) **"वडा कार्यालय"** भन्नाले भंगहा नगरपालिका अन्तर्गतका वडा कार्यालयहरू सम्झनु पर्छ।

(ग) **"विपन्न नागरिक"** भन्नाले आफ्नो वा परिवारको स्थायी आम्दानी नभएको, दैनिक गुजारा चलाउन, आवास, न्यूनतम शिक्षा र आधारभूत स्वास्थ्य उपचारको खर्च धान्न नसक्ने भनी वडा वा स्थानीय तहबाट प्रमाणित व्यक्ति वा परिवार सम्झनु पर्छ।

(घ) **"अनुगमन समिति"** भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम गठित समिति सम्झनु पर्छ।

## परिच्छेद-२: विपन्नता पहिचानका आधार तथा मापदण्ड

### ३. विपन्न नागरिक वर्गीकरणका सूचकहरूः

कुनै व्यक्ति वा परिवार विपन्न हो वा होइन भनी यकिन गर्न निम्न सूचकहरूलाई मुख्य आधार मानिनेछः

- नेपाल सरकारबाट जारी भएको 'गरिब परिवार पहिचान परिचयपत्र' भएको।
- परिवारको निश्चित र नियमित आम्दानीको कुनै दिगो स्रोत (जस्तैः सरकारी वा संस्थागत जागिर, व्यापार, आदि) नभएको।
- बस्नका लागि आफ्नै पक्की घर नभएको वा ऐलानी, सुकुम्बासी वा कच्ची घरमा बस्ने गरेको।

भंगहा नगरपालिकाको स्थानीय राजपत्र

- गम्भीर वा कडा रोग (क्यान्सर, मिर्गौला रोग, मुटुरोग आदि) लागी उपचार खर्च व्यहोर्न असमर्थ भएको।
- घरको मुख्य आयआर्जन गर्ने व्यक्ति गुमाएको, अनाथ, असहाय वा पूर्ण अपाङ्गता भएको परिवार।

**४. निवेदन तथा सिफारिसको विधिः**

(१) विपन्न नागरिक सिफारिस वा प्रमाणपत्र आवश्यक पर्ने व्यक्ति वा निजको परिवारको सदस्यले अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित **वडा कार्यालयमा निवेदन** दिनुपर्नेछ।

(२) निवेदनका साथमा निम्न कागजातहरू संलग्न हुनुपर्नेछः

- निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र)।
- गम्भीर बिरामीको हकमा चिकित्सकको प्रेस्क्रिप्सन र रोग प्रमाणित भएको अस्पतालको पुर्जी।
- पासपोर्ट साइजको फोटो २ प्रति।
- नेपाल सरकारको गरिब परिचयपत्र भए सोको प्रतिलिपि।

(३) वडा अध्यक्ष वा वडा समितिले निवेदन प्राप्त भएपछि आवश्यक ठानेमा स्थलगत वस्तुस्थिति बुझी वा सर्जमिन गरी निवेदन परेको ३ कार्यदिनभित्र अनुसूची-२ बमोजिमको **विपन्नता सिफारिस पत्र** जारी गर्नुपर्नेछ।

**५. अनुगमन तथा छानबिन समितिः**

सिफारिस प्रक्रियालाई निष्पक्ष बनाउन र गलत सिफारिस रोक्न नगरपालिकामा नगर उपप्रमुखको संयोजकत्वमा एक 'विपन्न नागरिक अनुगमन तथा छानबिन समिति' रहनेछ।

**६. झुट्टा विवरण दिई सिफारिस लिएमा हुने सजायः**

कसैले झूटो विवरण पेश गरी वा वास्तविक आर्थिक अवस्था लुकाई विपन्न नागरिकको सिफारिस वा सुविधा लिएको ठहरिएमाः

- त्यस्तो सिफारिस वा प्रमाणीकरण तुरुन्त रद्द गरिनेछ।
- प्राप्त गरेको सेवा वा आर्थिक सहायता बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।
- झूटो विवरण प्रमाणित गर्ने वा सघाउने उपर कानुन बमोजिम कारबाही प्रक्रिया अघि बढाइनेछ।

## परिच्छेद-५ः विविध

**७. कार्यविधि संशोधनः**

यस कार्यविधिमा कुनै संशोधन वा परिमार्जन गर्न आवश्यक भएमा नगर कार्यपालिकाको निर्णयबाट गर्न सकिनेछ।

भंगाहा नगरपालिकाको स्थानीय राजपत्र

# अनुसूची-१ (निवेदनको ढाँचा)

**श्री वडा अध्यक्ष ज्यू,**
भंगहा नगरपालिका, वडा नं. .......
महोत्तरी, मधेस प्रदेश।

**विषयः विपन्न नागरिक प्रमाणित पाऊँ।**

म/मेरो परिवार भंगहा नगरपालिका वडा नं. ...... मा स्थायी रूपमा बसोबास गर्दै आएको र हाम्रो परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर भई बिहान-बेलुकाको छाक टार्न / कडा रोगको उपचार गर्न / छोराछोरीको शिक्षा खर्च धान्न असमर्थ भएकोले विपन्न नागरिकको सिफारिस उपलब्ध गराई पाउन यो निवेदन पेश गरेको छु। विवरणहरू सत्य साँचो हुन्, झूटो ठहरे कानुन बमोजिम सहनेछु।

**निवेदकको नामः** ..........................................
**हस्ताक्षर/औंठा छापः** .....................................

भंगहा नगरपालिकाको स्थानीय राजपत्र

# अनुसूची-२ (वडा कार्यालयले दिने सिफारिस पत्रको ढाँचा)

**भंगहा नगरपालिका**
**...... नं. वडा कार्यालयको पत्रसंख्या/चलानी नं.**

**विषयः विपन्न नागरिक प्रमाणित गरिएको बारे।**

**जो-जससँगसम्बन्धराख्दछ,**

प्रस्तुत विषयमा भंगहा नगरपालिका वडा नं. ...... (साविक ........ गा.वि.स. वडा नं. ...) बस्ने श्री .......................................... को नाति/नातिनी, श्री ............................................ को छोरा/छोरी/श्रीमती वर्ष ....... को श्री/सुश्री/श्रीमती ..................................................... को पारिवारिक आर्थिक अवस्था, आम्दानीको स्रोत र घरको वस्तुस्थिति बुझ्दा निज आर्थिक रूपले विपन्न नागरिक भएको बेहोरा प्रमाणित गरिन्छ।

निजलाई स्वास्थ्य उपचार / छात्रवृत्ति / अन्य ............................. प्रयोजनका लागि यो विपन्नताको सिफारिस पत्र जारी गरिएको छ।

.........................................
**वडा अध्यक्षको हस्ताक्षर र छाप**
मितिः .......................................

आज्ञाले,
रमेश अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

भंगहा नगरपालिकाको स्थानीय राजपत्र